# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) विराटनगर, नेपाल, आश्विन २० गते, २०७८ साल (अतिरिक्ताङ्क १५

## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

**प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (सञ्चालन) नियमावली, २०७८**

**प्रस्तावना:** नेपालको संविधानको धारा १७६ को उपधारा (२) बमोजिम कायम रहेका निर्वाचन क्षेत्रको आर्थिक, सामाजिक तथा मानवीय विकासमा टेवा पुऱ्याउने उद्देश्य अनुरुप प्रदेश सरकारले विनियोजन ऐनमा व्यवस्था गरे बमोजिम प्रदेश निर्वाचन क्षेत्रको

विकास कार्यक्रमलाई विश्वसनीय, जनउत्तरदायी, प्रभावकारी, पारदर्शी, जवाफदेही एवम् कार्यन्वयन योग्य बनाउन वाञ्छनीय भएकोले,

प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "**प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (सञ्चालन) नियमावली, २०७८**" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"उपभोक्ता समिति"** भन्नाले यस नियमावली बमोजिम सञ्चालन हुने कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्न कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येबाट प्रचलित कानून बमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले यस नियमावली बमोजिम सञ्चालन हुने निर्वाचन क्षेत्र विशेष कार्यक्रम सम्झनु पर्छ र सो शब्दले त्यस्ता विशेष कार्यक्रम अन्तर्गत सञ्चालन गरिने आयोजना समेतलाई जनाउँछ ।

(ग) **"कार्यालय"** भन्नाले प्रदेश सरकार अन्तर्गतका कार्यालयहरु सम्झनु पर्छ ।

(घ) **"प्रचलित कानून"** भन्नाले संघ वा प्रदेश वा स्थानीय तहको उपभोक्ता समिति गठन र सञ्चालन सम्बन्धी कानून सम्झनु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १ सम्झनु पर्छ ।

(च) **"सदस्य"** भन्नाले प्रदेश नं. १ को प्रदेश सभाका सदस्य सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(छ) **"स्थानीय तह"** भन्नाले गाँउपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिकालाई समेत जनाउँछ ।

३. <u>निर्वाचन क्षेत्र रोज्नु पर्ने:</u> यस नियमावली बमोजिम कार्यक्रम सञ्चालन गर्ने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित सदस्यले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र प्रदेश भित्रको जिल्लाको कुनै एक प्रदेश निर्वाचन क्षेत्र रोजेको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

४. <u>कार्यक्रम पेश गर्नुपर्ने:</u> (१) प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित सदस्य र समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित सदस्यले आपसमा समन्वय गरी प्रत्येक वर्षको मंसिर मसान्तभित्र कार्यक्रम छनौट गरी कार्यक्रमको नाम, कार्यक्रम सञ्चालन हुने स्थान, प्रत्येक कार्यक्रमका लागि विनियोजन गरेको रकम समेत खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा देहाय बमोजिमको शर्त अनुसार सम्बन्धित निर्वाचन क्षेत्र भएको जिल्ला समन्वय समितिमा पेश गर्नु पर्नेछ र जिल्ला समन्वय समितिले त्यसरी पेश भएको कार्यक्रम ७ दिनभित्र सिफारिश सहित मन्त्रालयमा पठाउनु पर्नेछः-

(क) कम्तिमा दश लाख रकम विनियोजन हुने गरी पूर्वाधार विकासका लागि कम्तीमा दुई आयोजना,

(ख) कम्तिमा पाँच लाख रकम भन्दा घटी नहुने गरी बढीमा तीन वटा पूर्वाधार सम्बन्धी आयोजना,

(ग) पिछडिएको वर्ग एवम् क्षेत्र, महिला र दलितको सशक्तिकरण, खेलकूद, उद्यमशिलता विकास तालिम वा अभिमुखिकरण कार्यक्रमका लागि प्रत्येक कार्यक्रममा कम्तीमा एक लाख रकम भन्दा घटी नहुने गरी बढीमा पन्ध्र वटा कार्यक्रम।

(२) उपनियम (१) बमोजिम कुनै कारणले मंसिर मसान्तभित्र कार्यक्रम छनौट हुन नसकेमा मन्त्रालयको स्वीकृतिमा एक महिना समयावधी



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

थप हुन सक्नेछ र सो समयावधी भित्र पनि कार्यक्रम पेश हुन नसकेमा कार्यक्रम सञ्चालन हुन सक्ने छैन।

(३) जिल्ला समन्वय समितिले मन्त्रालयमा पठाएको कार्यक्रम यस नियमावली बमोजिम भए नभएको यकिन गरी सञ्चालन हुने कार्यक्रम र कार्यक्रम कार्यान्वयन गर्ने निकाय तोकि प्रतिवेदन पेश गर्न देहाय बमोजिमको एक कार्यदल रहनेछः-

(क) सचिव, शासकीय सुधार तथा समन्वय महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक

(ख) अधिकृतस्तर सातौं वा आठौं वा सो सरहको अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ग) अधिकृतस्तर सातौं वा आठौं वा सो सरहको अधिकृत, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

(घ) अधिकृतस्तर सातौं वा आठौं वा सो सरहको अधिकृत, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(ङ) अधिकृतस्तर सातौं वा आठौं वा सो सरहको अधिकृत, योजना अनुगमन तथा नतिजा व्यवस्थापन शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य सचिव

(४) उपनियम (१) बमोजिम छनौट गरी पठाएको कार्यक्रम यस नियमावली बमोजिम नभएको ठहर उपनियम (३) बमोजिमको कार्यदलले गरेमा सो कार्यक्रम परिर्वतन गर्न मन्त्रालयले सम्बन्धित सदस्यलाई जानकारी गराउनेछ र सम्बन्धित सदस्यले पुस मसान्तभित्र सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रभित्रको अर्को कार्यक्रम छनौट गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम छनौट गरिएको नयाँ कार्यक्रमको विवरण उपनियम (१) बमोजिमको अनुसूचीमा तोकिएको ढाँचामा जिल्ला



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

समन्वय समितिले सफारिश समेत संलग्न गरी निर्णय भएको सात दिनभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(६) माघ मसान्तभित्र कुनै कार्यक्रमको सम्बन्धमा सम्झौता हुन नसकेमा वा कुनै स्वीकृत कार्यक्रमको सम्बन्धमा विवाद उत्पन्न भई कार्यान्वयन गर्न नसक्ने परिस्थिति सृजना भई कार्यक्रम संशोधन गर्नु परेमा सम्बन्धित सदस्यले संशोधनको लागि प्रस्ताव हुने आयोजनाको कार्य प्रारम्भ भए नभएको एकीन गरी सम्बन्धित कार्यालयबाट खरिद प्रक्रियामा नगएको सिफारिस भई आएमा फागुन मसान्तभित्र कार्यक्रम संशोधन गरी उपनियम (१) बमोजिमको अनुसूचीमा तोकिएको ढाँचा बमोजिमको विवरण र जिल्ला समन्वय समितिको सिफारिश समेत संलग्न गरी सात दिनभित्र मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(७) उपनियम (४), (५) र (६) बमोजिम परिवर्तन भएको आयोजनाको आर्थिक व्यवस्थापन नियम ८ बमोजिम गरिनेछ ।

(८) यस नियमावली बमोजिम मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आयोजना छनौटको विवरण उपलब्ध गराउने जिम्मेवारी जिल्ला समन्वय अधिकारीको हुनेछ ।

(९) आयोजना कार्यान्वयन गर्दा आयोजना स्थल, लागत, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नाम समेत खुल्ने गरी सोको जानकारी सम्बन्धित आयोजना स्थल, कार्यालयको सूचनापाटी तथा वेभसाईटमा राख्नु पर्नेछ ।

५. <u>कार्यक्रम छनौटका प्राथमिकता</u>ः यस नियमावली बमोजिम सञ्चालन हुने कार्यक्रम छनौट गर्दा छनौट गर्ने सदस्यले देहायका विषयमा प्राथमिकता दिनु पर्नेछ:-

(क) रोजगारी सृजना हुन सक्ने,

(ख) नागरिकलाई सहज सुविधा उपलब्ध हुन सक्ने,

(ग) स्थानीय तहसँग साझेदारी गर्न सक्ने, वा

(घ) गरीब तथा विपन्न सामुदायका लागि सहयोगी हुन सक्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

६. कार्यक्रम छनौटका शर्तहरु: कार्यक्रम छनौटका शर्तहरु देहाय बमोजिम हुनेछः-

(क) सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको कार्यक्रमसँग दोहोरो पर्ने गरी छनौट गर्न नहुने,

(ख) निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन नियमावली,२०७८ बमोजिम सञ्चालन हुने कार्यक्रमसँग जोडेर छनौट गर्न नहुने,

(ग) आफु निर्वाचित भएको निर्वाचन क्षेत्र वा आफुले रोजेको जिल्ला भन्दा बाहिरका निर्वाचन क्षेत्र वा जिल्लाका लागि कार्यक्रम छनौट गर्न नहुने,

(घ) यस नियमावली बमोजिम कार्यक्रम छनौट भए पछि सोको जानकारी आफ्नो निर्वाचन क्षेत्र वा जिल्लाका सम्बन्धित स्थानीय तह वा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयलाई जानकारी गराउनु पर्ने, र

(ङ) यस नियमावली बमोजिम कार्यक्रम छनौट गर्दा कार्यक्रम सञ्चालनका लागि कुनै सङ्घसंस्था वा फर्म वा प्रतिष्ठान तोकेर कार्यक्रम छनौट गर्न नहुने।

७. कार्यक्रम सञ्चालन तथा कार्यान्वयन: (१) यस नियमावली बमोजिम छनौट भई आएको पूर्वाधार सम्बन्धी कार्यक्रम कार्यालय मार्फत् र अन्य कार्यक्रम स्थानीय तह मार्फत् सञ्चालन गरिनेछ ।

(२) उपनियम (१) वमोजिम छनौट भई आएका कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्नु सम्बन्धित कार्यालय प्रमुख र स्थानीय तहको कर्तव्य हुनेछ ।

(३) उपनियम (१) वमोजिम छनौट भई आएका कार्यक्रम सम्बन्धित स्थानीय तहले कार्यान्वयन नगरेमा प्रदेश सरकारबाट दिइने अनुदान कटौती हुन सक्नेछ र कार्यालयले कार्यान्वयन नगरेमा कार्यालय प्रमुखलाई प्रचलित कानून बमोजिम कारवाही गर्न सकिनेछ र त्यस्तो कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

८. **कार्यक्रमको आर्थिक व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) नियम ४ को उपनियम (१) बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारले प्रत्येक प्रदेश निर्वाचन क्षेत्रका लागि पचास लाख रुपैयाँ विनियोजन गर्नु पर्नेछ।

(२) यस नियमावली बमोजिम छनौट भई आएका कार्यक्रम नियम ४ को उपनियम (३) बमोजिमको कार्यदलको प्रतिवेदनको आधारमा मन्त्रालयले कार्यक्रम कार्यान्वयन हुने कार्यालय र कार्यक्रमको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको जानकारी प्राप्त हुनासाथ आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयलाई कार्यक्रमको विवरण र अख्तियारी सहित लेखी पठाउनु पर्नेछ र स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमको हकमा निश्चित रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा हुने गरी वित्तीय हस्तान्तरण हुने व्यवस्था मिलाउनु पर्नेछ र सोको जानकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई समेत दिनु पर्नेछ।

९. **कार्यक्रम सञ्चालन गर्ने प्रकृयाः** (१) यस नियमावली बमोजिम कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम ठेक्का बन्दोवस्त गरेर वा उपभोक्ता समिति मार्फत् सञ्चालन गर्न सकिनेछ।

(२) उपभोक्ता समिति मार्फत् कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१०. **सुपरिवेक्षण तथा अनुगमनः** (१) यस नियमावली बमोजिम कार्यान्वयन गरिने कार्यक्रमहरुको सुपरिवेक्षण तथा अनुगमन गर्न सम्बन्धित सदस्य स्वयम् वा सम्बन्धित जिल्ला समन्वय अधिकारी, सम्बन्धित कार्यालयका प्रमुख र सम्बन्धित वडा सचिव सम्मिलित एक अनुगमन तथा सुपरिवेक्षण टोली रहनेछ। सो टोलीमा सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष लगायत अन्य पदाधिकारीलाई संलग्न गराउन सकिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपनियम (१) बमोजिमको टोलीले एक आर्थिक वर्षमा कम्तीमा दुई पटक अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालय र सम्बन्धित कार्यालयमा दिनु पर्नेछ ।

(३) कुनै कार्यक्रम कार्यान्वयनको सम्बन्धमा समय, परीमाण, लागत र गुणस्तर सम्बन्धी कुनै प्रश्न उठेमा मन्त्रालयले सो सम्बन्धमा अनुगमन र जाँचबुझको लागि छुट्टै विशेष अनुगमन टोली गठन गर्न सक्नेछ ।

(४) यस नियम बमोजिम गरिने अनुगमनका सन्दर्भमा दिईएको सुझावहरु कार्यान्वयन गर्नु सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी तथा सम्बन्धित कार्यालय प्रमुख तथा स्थानीय तहको कर्तव्य हुनेछ ।

(५) सम्बन्धित सदस्यले कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्नु पर्नेछ।

११. **सार्वजनिक परीक्षणः** (१) यस नियमावली बमोजिम सञ्चालित कार्यक्रमहरुको कार्य सम्पन्न भएपछि कार्यक्रम कार्यान्वयन गर्ने कार्यालय तथा स्थानीय तहले सम्बन्धित सदस्यको उपस्थितिमा सार्वजनिक लेखा परीक्षण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको परीक्षण देहाय बमोजिम गर्न सकिनेछः-

(क) सार्वजिनक सुनुवाई गरेर, वा

(ख) आम्दानी खर्चको विवरण जाँच गरेर, वा

(ग) नागरिक समाजबाट सामाजिक परीक्षण गराएर।

(३) उपनियम (१) बमोजिम सार्वजनिक परीक्षण गरेको प्रतिवेदन संलग्न नभएसम्म सम्बन्धित कार्यालय तथा स्थानीय तहले अन्तिम भुक्तानी दिने छैन ।

१२. **कार्यक्रमको सम्झौता, पेश्की, प्राविधिक मुल्याङ्कन, जाँचपास र फरफारकः** (१) उपभोक्ता समिति मार्फत् सञ्चालन भएका कार्यक्रमको हकमा सम्बन्धित उपभोक्ता समितिले खर्चको बील भौचर सहितको विवरण र ठेक्काबाट भएकाको हकमा ठेक्का बील लगायतका आवश्यक कागजात सम्बन्धित कार्यालय तथा स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपनियम (१) बमोजिमको विवरण प्राप्त भएमा सम्बन्धित कार्यालयको प्रमुख तथा स्थानीय तहले जाँचपासको लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामको सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम खटिएको कर्मचारीले लागत इष्टमेट अनुसार गुणस्तरीय काम भए नभएको स्पष्ट खुलाई प्रतिवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनबाट लागत इष्टमेट अनुसार गुणस्तरीय काम भएको भन्ने देखिन आएमा र यस नियमावली बमोजिमको प्रकृया पूरा भएको अवस्थामा कार्यालय प्रमुख तथा स्थानीय तहले प्रचलित कानून बमोजिम त्यस्तो कामको हिसाब फरफारक गरी सोको विवरण तत्काल सार्वजनिक गर्नु पर्नेछ ।

१३. <u>कार्यक्रमको प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः</u> (१) यस नियमावली बमोजिम सञ्चालन हुने कार्यक्रमको छनौटका लागि बैठक व्यवस्थापन गर्न, अनुगमन तथा मूल्याङ्कन गर्न, आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न, रेखदेख गर्न, सहजीकरण गर्न, प्रतिवेदन तयार गर्न, कार्यक्रमसँग सम्बन्धित प्रशासनिक र प्राविधिक विषयमा खर्च गर्न देहाय बमोजिम कन्टेन्जेन्सी बापत रकम उपलब्ध गराईनेछः-

(क) सम्वन्धित जिल्ला समन्वय समितिलाई कार्यक्रम सञ्चालनका लागि छुट्याइएको कूल रकमको एक प्रतिशत,

(ख) कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयलाई कार्यक्रम सञ्चालनका लागि पठाइने कुल रकमको एक प्रतिशत, र

(ग) समितिको संयोजकले यस नियम बमोजिमको कार्य गर्न कानून बमोजिम तोकेको प्रतिनिधिको परिचालन व्यवस्थापन वापत कार्यक्रम सञ्चालनका लागि छुट्याइएको कूल रकमको एक प्रतिशत ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपनियम (१) को खण्ड बमोजिम (क) र (ग) बमोजिमको कन्टेन्जेन्सी रकम सम्बन्धित जिल्ला समन्वय समितिमा पठाइनेछ । सो बमोजिमको कन्टेन्जेन्सी रकम प्रचलित कानून बमोजिम खर्च गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड बमोजिम (ख) बमोजिमको कन्टेन्जेन्सी रकम कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयमा पठाइनेछ । सो बमोजिमको कन्टेन्जेन्सी रकम प्रचलित कानून बमोजिम खर्च गर्न सकिनेछ ।

(४) उपनियम (१) को खण्ड (ग) बमोजिमको प्रतिनिधिले आफूले सम्पादन गरेको कामको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित कार्यालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१४. <u>लेखा तथा लेखापरीक्षण</u>: (१) यस नियमावली बमोजिम स्वीकृत कार्यक्रम सञ्चालन गर्ने कार्यालयले अख्तियारी बमोजिमको रकम निकासा लिई खर्च गर्ने र श्रेस्ता राख्ने सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ र स्थानीय तहको हकमा कार्यक्रम सञ्चालनका लागि प्राप्त बजेट खर्च गर्ने र श्रेस्ता राख्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकमको सम्बन्धित कार्यालय तथा स्थानीय तहले प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गर्नु गराउनु पर्नेछ ।

१५. <u>कार्यक्रमको प्रतिवेदन तथा प्रगति समीक्षा</u>: (१) सम्बन्धित कार्यालय तथा स्थानीय तहले सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन प्रत्येक चौमासिक अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) सम्बन्धित कार्यालयको प्रमुखले तथा स्थानीय तहले कार्यालयको नियमित समीक्षा बैठकमा उपनियम (१) बमोजिमको प्रगति विवरण पेश गरी समीक्षा गर्नु पर्नेछ।

१६. <u>मन्त्रालयले निर्देशन दिन सक्ने</u>: यस नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित कार्यालय तथा स्थानीय तहको कर्तव्य हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१७. <u>अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने</u>: मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ।

१८. <u>प्रचलित कानून बमोजिम हुने</u>: प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने हदसम्म यस नियमावलीमा लेखिएको विषयमा यसै नियमावली बमोजिम र अन्य कुराको हकमा प्रचलित अन्य कानून बमोजिम हुनेछ।

१९. <u>बाधा अडकाउ फुकाउ</u>: यो नियमावलीको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले निर्णय गरी त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

२०. <u>खारेजी र बचाउ</u>: "प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (सञ्चालन) नियमावली, २०७६" खारेज गरिएको छ। उक्त नियमावली बमोजिम भएको काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची-१
(नियम ४ सँग सम्बन्धित)

श्री जिल्ला समन्वय समिति, ....................

प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम अन्तर्गत प्रदेश सभा सदस्यले पचास लाख रुपैयाँसम्मको कार्यक्रम छनौट गर्ने व्यवस्था प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (सञ्चालन) नियमावली, २०७८ बमोजिम आर्थिक वर्ष ....../.... को लागि देहायका कार्यक्रम पेश गरेको छु।

जिल्लाः प्रदेश निर्वाचन क्षेत्रः आर्थिक वर्षः

| क्र.सं. | सञ्चालन हुने | | | | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | आयोजनाको नाम | स्थानीय तहको नाम | टोल | वडा नं. | | |
| १ | | ............ पालिका | | | | |
| २ | | ............ पालिका | | | | |
| ३ | | ............ पालिका | | | | |
| ४ | | ............ पालिका | | | | |
| ५ | | ............ पालिका | | | | |
| ६ | | ............ पालिका | | | | |
| ७ | | ............ पालिका | | | | |
| | | | | जम्मा | | |

स्वीकृत मितिः- २०७८/०६/२०

आज्ञाले,
किशोर कुमार चौधरी
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १